का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ चैत २०८१,
मंगलबार
25 March, 2025
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ५१ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# राजनीतिक दाउपेचमा अल्झिएको टीआरसी



सोमबार संक्रमणकालीन न्यायका विषयमा छलफल गर्न बसेको प्रमुख तीन दलको बैठक। तस्बिर : मध्यान्ह

- *शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउन ३ दल सकारात्मक*
- *आयोगका पदाधिकारी नियुक्ति गर्न सर्च कमिटी गठन*
- *आयोगमा ६२ हजार ४२७ वटा उजुरी*
- *उच्च पदस्थहरूमाथि पनि मुद्दा*
- *अन्तर्राष्ट्रिय समुदायको चासो*

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ११ चैत ।

राष्ट्रपतिबाट ७ महिनाअघि प्रमाणीकरण भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (टीआरसी) विधेयक, २०८१ कार्यान्वयनमा दलहरूले सक्रियता देखाएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सिंहदरबारमा बसेका सत्ताका प्रमुख २ घटक नेपाली कांग्रेस-नेकपा एमाले र प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)का शीर्ष नेताहरू शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउन सकारात्मक देखिएका हुन् ।

शीर्ष नेतृत्वबीचको बैठकमा संक्रमणकालीन न्यायसम्बन्धी विवाद हेर्ने २ आयोगमा पदाधिकारी सिफारिस गर्ने समिति गठनको प्रक्रिया अघि बढाउने सहमति भएको बताइएको छ ।

टीआरसीका नाममा अनेक राजनीतिक दाउपेचमा लागेका दलहरूमाथि शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउँदैनन् भन्ने आरोप लागिरहँदा सत्य निरूपण र मेलमिलाप २ वटै आयोगमा अध्यक्ष तथा पदाधिकारी नियुक्ति गर्ने कुराले प्रथमिकता पाएको हो । आयोगका पदाधिकारीको म्याद ४ वर्षको हुने छ । यद्यपि, उनीहरूमाथि भदौमा बनेको ऐन कार्यान्वयन संशय बाँकी नै छ ।

राजनीतिक दाउपेचमा वर्षौं अघिदेखि अल्झिएको यो विषयलाई टुंगोमा पुर्‍याउन राजनीतिक नेतृत्वबीच पटकपटक छलफल र सहमति भए पनि अहिलेसम्म समिति बनेर आवश्यक प्रक्रिया अघि बढ्न सकेको थिएन । यो विधेयक १३ भदौमा प्रमाणीकरण भएर कानुनी मान्यता पाए पनि व्यावहारिक कार्यान्वयनमा बिस्तृत शान्ति संझौताका हस्ताक्षरकर्ता नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा (माओवादी केन्द्र)बीच के कसरी जाने भन्ने सहमति नहुँदा द्वन्द्वकालीन मुद्दाले धेरैलाई तड्पाएको छ ।

अन्तर्राष्ट्रिय समुदायले पनि नेपालको टीआरसीको विषयमा चासो राख्न थालेका छन् । १६ चैतमा बेलायती सांसदहरूले औपचारिक रूपमा नेपालको संक्रमणकालीन न्यायको विषयमा छलफल चलेपछि नेपालका प्रमुख दलहरूबीच सहमति जुटाउने प्रयास भएको उच्च स्रोतको दावी छ । प्रधामनन्त्री ओलीले अग्नि खरेललाई यसका लागि वातावरण बनाउन जिम्मा दिएका थिए ।

बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को उपदफा ३ बमोजिम दुवै आयोगका पदाधिकारी नियुक्तिका लागि सिफारिस (सर्च) कमिटी गठन प्रक्रिया अघि बढाउने सहमति भएको प्रधानमन्त्रीका विज्ञ सल्लाहकार अग्नि खरेलले जानकारी दिए ।

तर, ३ ठूला दलका शीर्ष नेताहरू शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'ले पृष्ठ २ मा

# संसद्मा बनेन महिला समन्वय समिति

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ चैत ।

प्रतिनिधिसभालाई महिला समन्वय समिति गठनमा सकस परेको छ । प्रतिनिधिसभाको आधा कार्यकाल सकिन लाग्दासमेत महिला समन्वय समिति गठन हुन नसकेपछि महिला सांसदहरूले सभामै प्रश्न उठाउन थालेका छन् ।

यही ६ चैतमा प्रतिनिधिसभाको बैठकमा बोल्दै नेपाली कांग्रेसकी सांसद रमा कोइराला पौडयालले महिला समन्वय समिति गठन नभएकामा आक्रोश पोखिन् । 'कानुन बनाउने संसद्भित्रै नियमावलीमै लेखिएको समिति नबन्दा अचम्म लागेको छ', उनले भनिन् ।

प्रतिनिधिसभा नियमावली, २०७९ को नियम २५७ मा महिला समन्वय समिति रहने व्यवस्था छ । आममहिला सांसदको मुद्दासँग जोडिएको विषयमा बहस र पैरवी गर्न महिला समन्वय समिति बनाउने भनिएको छ । तर, अहिलेसम्म यो समिति गठन हुन सकेको छैन ।



> *कानुन बनाउने संसदभित्रै नियमावलीमै लेखिएको महिला समन्वय समिति नबन्दा अचम्म लागेको छ*
>
> **रमा कोइराला**
> सांसद, नेपाली कांग्रेस

महिला सांसदहरूले सदनको शून्य र विशेष समयमै समिति कहिले बन्छ ? भनेर प्रश्न उठाउने गरे पनि संसद् र दलका शीर्ष नेतृत्वले समिति गठनमा चासो देखाएका छैनन् ।

समिति बने महिलाका विषयमा साझा धारणा बनाउन सहज हुने सांसदहरूको मत छ । यो व्यवस्था राख्ने बेला महिलासँग सम्बन्धित विषयमा सबै दलबीच एउटा धारणा बन्न सकोस् भनेर महिला इकाई राख्ने कि समिति भनेर बहस भएको थियो । पछि समिति बनाउनेगरी सहमति जुटेर त्यसअनुसार प्रावधान राखिएको थियो ।

त्यसबेला यो समितिको संयोजकमा सभामुख र उपसभामुखमध्ये १ (महिला) हुने प्रस्ताव थियो । पृष्ठ २ मा

# कुलमानलाई हटाइयो

**काठमाडौं/मस–** सरकारले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाउने निर्णय गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले घिसिङलाई कार्यकारी निर्देशकबाट हटाउने निर्णय गरेको हो ।

२०५१ सालमा नेपाल विद्युत् प्राधिकरणको सातौं तहबाट सेवा सुरु गरेका घिसिङलाई तत्कालीन सरकारले २९ भदौ २०७३ मा पहिलो पटक कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो । प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त भएपछि घिसिङले ३१ वैशाखमा नेपाललाई लोडसेडिङमुक्त घोषणा गरेका थिए ।



प्राधिकरणको कार्यकारी निर्देशकमा २०७७ भदौमा पहिलो कार्यकाल सकेका घिसिङलाई लोकप्रियता र जनदबाबकै पृष्ठ २ मा

# प्रेस चौतारी नेपालको अध्यक्षमा गणेश पाण्डे



**मुकुन्द लामिछाने/मध्यान्ह**
विराटनगर, ११ चैत ।

नेकपा एमाले निकट पत्रकारहरूको संगठन प्रेस चौतारी नेपालको नयाँ नेतृत्व चयन भएको छ । १०-११ चैतमा विराटनगरमा भएको १०औं महाधिवेशनबाट गणेश पाण्डेको अध्यक्षतामा सर्वसम्मत नयाँ समिति घोषणा गरिएको हो ।

अध्यक्षका एक दाबेदार निवर्तमान उपाध्यक्ष राजेश राईलाई उम्मेदवारी फिर्ता गर्न पार्टी नेतृत्वले दबाब दिएपछि उनी पछि हटेका थिए । राईले उम्मेदवारी फिर्ता लिएसँगै पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# विप्रेषण र आप्रवासनका कारण नेपालको गरिबी घट्यो : विश्व बैंक

**राष्ट्रिय समाचार समिति**
काठमाडौं, ११ चैत ।

विप्रेषण र आप्रवासनका कारण पछिल्लो ३ दशकमा नेपालको गरिबी उल्लेख्य रूपमा घटे पनि आन्तरिक अर्थतन्त्र विस्तार भने निकै कमजोर देखिएको विश्व बैंकले जनाएको छ ।

'नेपाल कन्ट्री इकोनोमिक मेमोरेन्डम, २०२५' प्रतिवेदन सार्वजनिक गर्दै विश्व बैंकले सुदृढ आर्थिक वृद्धि हासिल गर्न आन्तरिक अवसरको खोजी गरी लाभ लिन सक्नुपर्ने सुझाव दिएको छ । निर्यात, जलविद्युत् उत्पादन, पर्यटन, सूचना प्रविधिलगायत क्षेत्रबाट लाभ लिन सक्ने प्रचुर सम्भावना भए पनि नेपालले ती अवसर गुमाइरहेको प्रतिवेदनको निष्कर्ष छ ।

विप्रेषण तथा आप्रवासनले गरिबी निवारणमा उल्लेख्य भूमिका खेले पनि नेपालले यस क्षेत्रबाट उत्पादनशील क्षेत्रमा लगानी र आन्तरिक रोजगारी सिर्जनामा थप लाभ लिन नसकेको पनि विश्व बैंकले जनाएको छ । पृष्ठ २ मा

## संख्या सयको प्रावधान खारेजीसम्बन्धी विधेयक पारित गराउन पहल

**काठमाडौं/मस–** वैदेशिक रोजगार व्यवसायीहरूले संख्या सयको प्रावधान खारेजीसम्बन्धी विधेयक पारित गराउन आ-आफ्नो क्षेत्रबाट पहल जारी राखेका छन् । संघीय संसद्को चालू हिउँदे अधिवेशनबाट नै संख्या सय खारेजी हुनु अतिजरुरी रहेको भन्दै उनीहरूले विधेयक पारित गराउन भेटघाट र छलफललाई



तीव्रता दिएका हुन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलको नेतृत्वमा संघका पूर्वअध्यक्ष पृष्ठ २ मा

**विकासमा बेथिति**

# ३६ महिनामा १३ प्रतिशत भौतिक प्रगति

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, ११ चैत ।

हिमाली जिल्ला डोल्पाको सदरमुकाम दुनैदेखि ल्यासीक्यापसम्म पर्ने सडक खण्डको २५ किलोमिटर सडक भेरी करिडोरले २०७८ सालमा कुल २८ करोड बराबरको रकममा ठेक्का लगाएको थियो । भेरी करिडोरअन्तर्गत पर्ने यो सडक खण्डको २०७८ चैतमा सूर्य-श्रेया शान्तिदेवी जे. भी.ले भ्याटसहित १३ करोड ४० लाखमा सम्झौता गरेर निर्माणको जिम्मा लिएको थियो ।

सम्झौताको ४५ महिनामा सम्पन्न गर्नेगरी जिम्मा लिएको सूर्य-श्रेया शान्तिदेवी जे. भी.ले ३६ महिना बितिसक्दा भौतिक प्रगति १३ प्रतिशत मात्र गरेपछि सोमबार उक्त सडक खण्डको जिल्लास्थित सर्वदलीय सर्वपक्षीय टोलीले स्थलगत अनुगमन गरेको थियो ।

काइके गाउँपालिकाका अध्यक्ष अंगदकुमार रानाले दिएको जानकारीअनुसार निर्माण कम्पनीलाई विभिन्न मितिमा निर्माण कार्य अघि बढाउन ताकेता गरिए पनि वास्ता नगरी काम नगरेको र नागरिकले निर्माण व्यवसायीले कामको जिम्मा लिएदेखि झनै दुःख पाइरहेका बताए ।

निर्माण कम्पनीले समयमा काम नगरी अलपत्र बनाएपछि त्यहाँका नागरिकले आक्रोश पोखिरहेकाले सर्वदलीय सर्वपक्षीय अनुगमन गराउन बाध्य भएको अध्यक्ष रानाले सुनाए ।



> *अहिले त्यहाँका नागरिकले हरेक दिन दैनिक उपभोग्य सामग्री सदरमुकामदेखि आफैं बोकेर या भरिया र खच्चडमा ढुवानी गरेर खान बाध्य छन्*

निर्माण व्यवसायीले अब काम गर्न पाउने समय ९ महिना मात्र रहेको र यो समयमा काम नहुने भन्दै स्थानीयहरूले सम्झौता रद्द गर्नसमेत दबाब दिइरहेका छन् । स्थलगत अनुगमन गर्दा धेरैको प्रश्न एकै थियो कि भेरी करिडोरको लापरबाहीका कारण  निर्माण व्यवसायीले सडक अलपत्र पारेको हो ।

हालसम्म भएको १३ प्रतिशत कामको अवस्था हेर्दा भेरी करिडोरले दक्ष जनशक्ति निर्माण स्थलमा नराखेको र प्राविधिक हिसाबले काम नगरेको प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले बताए । प्रजिअ महतले भने, 'निर्माण व्यवसायीले सडक निर्माणका लागि कुनै पनि उपकरण र कामदार नराखेकाले गम्भीर लापरबाही छ । अब छोटो समयमा काम धेरै प्रतिशत हुन्छ भन्ने कुनै आधार देखिँदैन ।'

भेरी करिडोरको कार्यालय जाजरकोटमा राखेर डोल्पाको क्षेत्र हेर्ने र दक्ष प्राविधिकहरू निर्माण स्थलमा नबस्ने गरेकाले नै सडकको भौतिक प्रगति न्यून रहेको प्रजिअ महतको दाबी छ ।जिल्लामा क्रियाशील राजनीतिक दलका प्रमुख र प्रतिनिधिहरूले भने भेरी करिडोरले डोल्पामै कार्यालय पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१२ चैत २०८१ मंगलबार
25 March 2025, Tuesday

# संविधानविरुद्ध हुने गतिविधि असह्य : संविधानसभा परिषद्



**काठमाडौं/मस–** संविधानसभा परिषद् नेपालले संविधानविरुद्ध हुने गतिविधि सह्य नहुने बताएको छ । परिषद्का अध्यक्ष अनन्त पौडेलले विज्ञप्ति जारी गरी राजावादीका गतिविधि सह्य नहुने बताएका हुन् ।

संविधानका व्यवस्थामाथि प्रश्न उठाउँदै प्रदर्शन भइरहेको भन्दै परिषद्ले आपत्ति जनाएको छ । सार्वभौम नागरिकका नाममा जारी संविधानले नेपालको स्वतन्त्रता, अधिकारलाई आत्मसात् गरेको परिषद्को भनाइ छ । परिषद्ले सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता, नागरिकको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको सुनिश्चितता गरेको जनाएको छ ।

विज्ञप्तिमा नेपाली नागरिकको सङ्घर्ष र बलिदानबाट बनेको संविधानसभाबाट निर्मित संविधानलाई सम्वर्द्धन, प्रवर्द्धन र संरक्षणका लागि सबै राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी एकजुट हुनु आवश्यक रहेको उल्लेख छ ।

भ्रष्टाचार नियन्त्रण, कानूनी शासन र सुशासनको प्रत्याभूति गर्दै नेपाली नागरिकलाई आश्वस्त र विश्वस्त बनाउने कार्यमा दलहरू जिम्मेवार बन्न आवश्यक देखिएको पनि अध्यक्ष पौडेलले बताए ।

अहिले देखिएका गतिविधिले राजनीतिक अस्थिरता सिर्जना गर्ने, लोकतान्त्रिक संस्थालाई कमजोर बनाउने र नेपाली समाजलाई विखण्डन गर्ने षड्यन्त्र मात्र नभइ संविधानको मर्म र भावना विपरीत संवैधानिक व्यवस्थामाथि नै हमला गर्ने कार्य रहेको परिषद्को ठहर छ ।

# विश्वविद्यालयमा तालाबन्दीले समस्या पेचिलो बन्यो : मन्त्री भट्टराई



**काठमाडौं/मस–** शिक्षा विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयलाई मानक विश्वविद्यालयको रूपमा स्थापित गर्नेगरी कानून बनाउन सुझाव दिएकी छिन् ।

सोमबार प्रतिनिधि सभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा विधेयमाथिको दफावार छलफलमा सहभागि हुँदै मन्त्री भट्टराईले यस्तो सुझाव दिएकी हुन् ।

उनले विधेयकलाई विश्वविद्यालयहरुमा देखिएको क्यालेण्डर, जनशक्ति व्यवस्थापन र विश्वविद्यालयको जिम्मेवारीका विषयमा स्पष्ट व्यवस्था गर्नुपर्ने बताइन् । उनले पछिल्लो समय विश्वविद्यालयमा हुने झै झगडा र तालाबन्दीको समस्या पेचिलो बन्दै गएको समेत बताइन् । यस विषयको समाधानसहित विधेयक अगाडि बढाउनुपने'मा उनको जोड छ ।

उनले भनिन्, 'हामीले यो विश्वविद्यालयलाई अहिलेसम्मका विश्वविद्यालय र अब बन्ने विश्वविद्यालयमा समेत एउटा मानक स्थापित गर्नसकौं । अहिले विश्वविद्यालयभित्र तीनवटा समस्याहरु रहेका छन् । एउटा क्यालेण्डरको कुरा, अर्को त्यहाँभित्रको जनशक्ति व्यवस्थापनको कुरा र लिडरसिप कसले लिने र विश्वविद्यालयको जिम्मेवार को हुने भन्ने कुरा । अहिले सबैभन्दा पेचिलो विषय भनेको विश्वविद्यालयमा हुने तालाबन्दी, त्यहाँ हुने झैझगडा तथा संस्कारजन्य कुरमामा हामी कसरि जाने भन्ने विषयमा हामी जानैपर्छ । यो विषयलाई समेत विधेयकमा समेटेर जानको लागि म यहाँ अनुरोध गर्न चाहन्छु ।'

## राजनीतिक....

गत कात्तिकमा पनि बैठक बसेर सत्य निरूपण र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगका पदाधिकारी सिफारिसका लागि गठित सर्च कमिटीलाई पूर्णता दिने निर्णय गरेका थिए ।

यसअघि नै पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको नेतृत्वमा रहेको समितिमा राष्ट्रिय मानवअधिकार आयोगले सदस्य नपठाएपछि सर्च कमिटीले पूर्णता नपाई समय गुज्रिएपछि शान्ति प्रक्रियाको काम ओझेलमा पर्दै आएको छ ।

आयोग गठनले ठोस आकार नलिँदा शान्ति प्रक्रियाको बाँकी काम ओझेलमा पर्दै आएको दलहरूमाथि आमटिप्पणीहरू भइरहेका छन् ।

२०६२/०६३ को जनआन्दोलनपछि सशस्त्र संघर्षमा रहेको तत्कालीन नेकपा माओवादी र सरकारबीच ७ बुँदे सम्झौता भएको थियो । सो सम्झौताअनुसार शान्ति प्रक्रियाको विषयलाई छिटो टुंगोमा पुऱ्याउने भन्ने उल्लेख थियो । तर, लामो समयदेखि द्वन्द्वपीडितहरूले पीडितमैत्री ऐन निर्माणको माग गर्दै सर्वोच्चमा रिट दर्ता नै गराउनुपरेको थियो ।

द्वन्द्वको अन्त्य गरी विस्तृत शान्ति सझौता भएको १७ वर्षपछि विधेयक प्रमाणीकरण भई कानुनका रूपमा स्थापित भए पनि यसको व्यावहारिक कार्यान्वयन भने अझै हुन सकेको छैन । गत ३० साउनमा प्रतिनिधिसभा र ६ भदौमा राष्ट्रियसभाबाट पारित भएको विधेयक सभामुख देवराज घिमिरेले १२ भदौमा प्रमाणित गरेर राष्ट्रपति कार्यालय पठाएपश्चात् राष्ट्रपति रामचन्द्र पौडेलले १३ भदौमा प्रमाणीकरण गरेका थिए ।

उक्त ऐन कार्यन्वायनका लागि आयोग बनाएर अघि बढ्नेगरी राजनीतिक सहमति भएअनुसार २ वटा आयोग बन्ने छन् ।

९ चैत २०६९ मा बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग अध्यादेश, २०६९ जारी गरी भएको थियो । सोहीअनुसार २७ वैशाख २०७१ मा बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन, २०७१ समेत जारी भएको थियो ।

सो ऐनले द्वन्द्वका क्रममा जघन्य मानवअधिकार उल्लंघनका अपराधमा समेत आममाफीको व्यवस्था गरेकाले सो ऐन अन्तर्राष्ट्रिय मापदण्डविपरीत रहेको दाबीसहित सर्वोच्चमा मुद्दा दायर भएको थियो । २० जेठ २०७१ मा ४४ जिल्लाका २३४ द्वन्द्वपीडितले ऐन संशोधनको माग राख्दै सर्वोच्चमा रिट दर्ता गराएका थिए ।

सर्वोच्चले १४ फागुन २०७१ मा फैसला सुनाउँदै वर्तमान ऐनका केही व्यवस्था त्रुटिपूर्ण भएको र ऐनका केही व्यवस्थासमेत खारेज गरिदिएको थियो । २७ माघ २०७१ सालमा संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउन २ आयोग बने पनि राजनीतिक खिचातानी र नियुक्त भएका आयोगका पदाधिकारीको किचलोका कारण ३ पटकसम्म आयोगको समयसीमा थपे पनि आयोग निष्क्रिय बनेको थियो ।

नेपालको संक्रमणकालीन न्यायसम्बन्धी विधेयक प्रमाणीकरण भएसँगै अमेरिका, बेलायत, जर्मनी, फ्रान्स, अस्ट्रेलिया, जापान, स्विटजरल्यान्ड, नर्वे, फिनल्यान्ड र युरोपियन युनियनलेसमेत प्रमाणीकरण विधेयकको स्वागत गर्दै पीडितको हितका लागि नेपाल सरकारलाई मदत पुऱ्याउने बताएका थिए ।

### उच्च पदस्थमाथि उजुरी

सत्य निरूपण तथा मेलमिलाप आयोगमा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवादेखि तत्कालीन राजा ज्ञानेन्द्र शाहविरुद्धसमेत उजुरी छ । त्यस्तै, नेपाल प्रहरीका पूर्वमहानिरीक्षकदेखि पूर्वसेनापतिविरुद्ध पनि उजुरी परेका छन् । अधिकांश उजुरी मानवअधिकारको गम्भीर उल्लंघनसँग सम्बन्धित छन् । आयोगमा ६२ हजार ४२७ वटा उजुरी रहेका बताइएको छ ।

सबैभन्दा बढी उजुरी शारीरिक तथा मानसिक यातनासँग सम्बन्धित छन् भने सबैभन्दा थोरै बेपत्तासँग सम्बन्धित छन् । यातनासँग सम्बन्धित १९ हजार ८७४ वटा उजुरी परेको सत्य निरूपण तथा मेलमिलाप आयोगको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

दोस्रोमा सम्पत्तिसम्बन्धी १६ हजार ६५ भन्दा बढी उजुरी छन् । प्रतिवेदनअनुसार १० हजार ८५८ वटा उजुरी व्यक्ति हत्यासँग सम्बन्धित छन् । विस्थापनसँग सम्बन्धित ५ हजार ९८५ वटा उजुरी छन् भने अपांग बनाउनेसँग सम्बन्धित ५ हजार १५ वटा उजुरी परेका छन् ।

अपहरण तथा शरीर बन्धक ४ हजार ३१६ वटा र बलात्कार तथा यौनजन्य हिंसासम्बन्धी ३१४ वटा उजुरी आयोगमा दर्ता छन् ।

### अन्तर्राष्ट्रिय चासो

टीआरसीका विषयमा अन्तर्राष्ट्रिय समुदायले चासो राख्न थालेका संकेत दलहरूले पाएपछि यसबारे निर्णय गर्न दलहरूलाई दबाब बढेको हो । यही विषयलाई लिएर बेलायती सांसदहरू अनौपचारिक छलफल गरिरहेका थिए । १६ चैतमा बेलायती सांसदहरूले औपचारिक रूपमा नेपालको संक्रमणकालीन न्यायको विषयमा छलफल गर्ने भएका छन् ।

प्रधामनन्त्री केपी शर्मा ओलीले यो संकेत पाएपछि अग्नि खरेललाई प्रचण्डसँग छलफल गर्न पठाएका थिए । मधेशमा रहेका प्रचण्ड यसकै लागि काठमाडौं आई ३ प्रमुख दलबीच टीआरसीबारे छलफल भएको थियो ।

सर्च कमिटीको जिम्मा मिश्रलाई नै

सरकारले संक्रमणकालीन न्याय (टीआरसी)सम्बन्धी २ वटा आयोगमा पदाधिकारी सिफारिसका लागि पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रकै समितिलाई निरन्तरता दिने निर्णय गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले मिश्र नेतृत्वको समितिलाई निरन्तरता दिने निर्णय गरेको हो ।

समितिमा पूर्वमहान्यायाधिवक्ता खम्मबहादुर खाती, पूर्वराजदूत डा. अर्जुनकुमार कार्की र अधिकारकर्मी स्टेला तामाङ छन् ।

## संसद्मा...

तर, दलहरूले इकाईको सट्टा महिला समन्वय समिति राख्ने र संयोजकमा कुनै महिला सांसदलाई तोक्ने व्यवस्था नियमावलीमा राखेका थिए । प्रतिनिधिसभा नियमावलीमा भएको यो व्यवस्था कार्यान्वयनमा आउन नसकेको हो ।

प्रतिनिधिसभा नियमावलीको नियम २५७ मा भनिएको छ, 'महिलाका विषयमा सभामा समान धारणा बनाउन तथा त्यस्ता धारणालाई बहस पैरवीमा ल्याउन महिला सदस्य संयोजक रहने गरी एक समिति रहने छ ।' यही दफामा अगाडि भनिएको छ, 'समितिका पदाधिकारी र सदस्यलाई थप सेवा-सुविधा उपलब्ध गराइने छैन ।'

सेवा-सुविधा उपलब्ध नगराउने भनेर नियमावलीमै किटान गरिएको महिला समन्वय समिति गठनमा समेत प्रतिनिधिसभालाई सकस परेको हो । परिणाममा महिला सांसदहरूले एकीकृत आवाज उठाउने थलो संसद्मा पाउन सकिरहेका छैनन् ।

लोकतान्त्रिक शासन प्रणालीमा नागरिकका मुद्दा, माग र सरोकारलाई सामूहिक रूपमा उठान गर्न विभिन्न समूहगत अभ्यासको परिकल्पना हुन्छ । यही परिकल्पनाअनुसार संसद्मा पनि महिलाहरूको विषयमा सामूहिक विषयको अध्ययन, फरक-फरक पार्टीबीच कुनै विषयमा साझा धारणा निर्माण गर्न समिति गठनको अवधारणा नियमावलीमा राखिएको हो । तर, प्रतिनिधिसभाको चालू कार्यकालको आधा समय सकिन लाग्दासमेत यो समिति गठन हुन सकेको छैन ।

## कुलमानलाई...

आधारमा तत्कालीन सरकारले फेरि २६ साउन २०७८ मा प्राधिकरणको कार्यकारी निर्देशकमा दोस्रो पटक नियुक्ति गरेको थियो ।

राजनीतिक समीकरण बदलिएर केपी शर्मा ओलीको नेतृत्वमा सरकार बनेलगत्तै निरन्तर स्पष्टीकरण बुझाउँदै आएका कुलमानलाई सरकारले अन्ततः जिम्मेबारीबाट हटाएको हो ।

घिसिङलाई जिम्मेबारीबाट हटाइएलगत्तै सरकारले प्राधिकरणको कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्यलाई नियुक्त गर्ने निर्णय गरेको छ । शाक्यलाई नै हटाएर तत्कालीन सरकारले घिसिङलाई प्राधिकरणको कार्यकारी निर्देशकमा दोस्रो पटक नियुक्त गरेको थियो ।

## प्रेस...

पाण्डेको नेतृत्वमा सर्वसम्मत रूपमा नयाँ कमिटी घोषणा भएको नेताहरूले बताएका छन् ।

निवर्तमान अध्यक्ष गणेश बस्नेतले अध्यक्षमा गणेश पाण्डे, उपाध्यक्ष चेतन अधिकारी, कृपा भण्डारी र महासचिवमा हिरामान लामाको नाम घोषणा गरे । त्यस्तै, उपमहासचिवमा हरिबल्लभ नेपाल तथा सचिवहरू विष्णु तारुके, प्रदीप आचार्य, विक्रम लुइँटेल र नरेश भण्डारी चयन भएका छन् ।

महाधिवेशनमा अधिकांश प्रतिनिधिहरूले मतदानबाट नेतृत्व चयन गर्नुपर्ने माग राखे पनि सर्वसम्मतिका लागि आइतबार नै एमाले महासचिव शंकर पोखरेलले निर्देशन दिएपछि सर्वसम्मतिको प्रयास भइरहेको थियो ।

## विप्रेषण...

प्रतिवेदन भन्छ, 'नेपालले विगत ३ दशकमा गरिबी निवारणमा उल्लेखनीय सफलता प्राप्त गरेको छ । सन् १९९५ मा करिब ५५ प्रतिशत नेपालीहरूले अत्यन्त गरिबीको सामना गरिरहेकामा सन् २०२३ सम्ममा यो संख्या ५४ दशमलव ८ प्रतिशतले घटेको छ तर यो गरिबी न्यूनीकरण द्रुत आर्थिक वृद्धिबाट नभई मुख्य रूपमा आप्रवासन र विप्रेषणको प्रभावबाट भएको हो ।'

प्रतिवेदनमा थप भनिएको छ, 'सन् १९९६ देखि २०२३ सम्म नेपालको अर्थतन्त्र वार्षिक औसत ४ दशमलव २ प्रतिशतले मात्र बढेको छ । दक्षिण एसियामा नेपालको वृद्धि दर छैटौं स्थानमा छ ।'

उच्च अंकको आर्थिक वृद्धि हासिल गर्न नेपालभित्र अनेकौं संरचनागत चुनौतीहरू कायम रहेका प्रतिवेदनमा उल्लेख छ । नेपालको वस्तु तथा सेवा निर्यातले आर्थिक वृद्धिमा निकै कम मात्र योगदान दिइरहेको छ । निर्यात बढाएर लाभ लिन सक्ने राम्रो सम्भावना भए पनि त्यसका लागि कानुनी, नीतिगत तथा संरचनागत अवरोध रहेको विश्व बैंकले जनाएको छ ।

'उच्च उत्पादन लागत, कमजोर प्रतिस्पर्धा र सुस्त पूर्वाधार विकासले आर्थिक वृद्धिलाई अवरुद्ध गरेको छ । जलविद्युत्को सम्भावना उच्च भए पनि यसको विकास अपेक्षाकृत रूपमा निकै ढिलो भइरहेको छ । प्रविधिको प्रयोग बढाउन कमजोर पूर्वाधार, नियामकीय चुनौती, डिजिटल साक्षरता अभावलगायत अवरोध छन्', प्रतिवेदनमा भनिएको छ ।

नेपालले हरेक वर्ष राख्ने महत्त्वाकांक्षी आर्थिक वृद्धिका लक्ष्यहरू हासिल गर्न विद्यमान नीति पर्याप्त नरहेका पनि प्रतिवेदनमा उल्लेख छ । हाल कार्यान्वयनमा रहेको १६औं आवधिक योजनाले सन् २०२९ सम्म वार्षिक ७ दशमलव १ प्रतिशतको कुल गार्हस्थ्य उत्पादन वृद्धिको अनुमान गरेको छ । तर, आधारभूत प्रक्षेपणअनुसार आगामी वर्षहरूको सम्भावित वृद्धि दर ४ प्रतिशत हाराहारी मात्र रहने विश्व बैंकले जनाएको छ ।

नेपालको विकास आकांक्षा पूरा गर्न आर्थिक वृद्धिका अवसरको पहिचान प्रतिवेदनमार्फत गरिएको छ । 'निजी क्षेत्रको प्रवर्द्धनसहित निर्यात वृद्धि गर्नु जरुरी छ । जलविद्युत्, पर्यटन र डिजिटल सेवा जस्ता क्षेत्रहरूलाई प्रवर्द्धन गर्न सके नेपालले पर्याप्त रोजगारीका अवसर सिर्जना गर्न सक्छ', प्रतिवेदनमा भनिएको छ ।

नेपाललाई दीर्घकालीन आर्थिक वृद्धि र समृद्धितर्फ अग्रसर गराउन नीति निर्माताहरूले यी विषयहरूलाई ध्यानमा राख्नुपर्ने सुझाव छ । सीप अभिवृद्धि, संस्थागत क्षमता सुदृढीकरण, उद्यमहरूको प्रतिस्पर्धात्मकता सुधारलगायत कार्यबाट आन्तरिक उत्पादन र उत्पादकत्व बढाउन नसके दीर्घकालीन सम्भावित आर्थिक वृद्धि दर ४ प्रतिशतभन्दा तल झर्न सक्ने चेतावनी पनि विश्व बैंकले दिएको छ ।

प्रतिवेदनले आप्रवासन क्षेत्रबाट थप लाभ लिन सक्ने विषयको पहिचान, विदेशी मुद्रा विनिमय दरको प्रभाव तथा व्यापार नीतिहरूले नेपालको वस्तु निर्यातमा पार्ने प्रभावको विश्लेषण, जलविद्युत् र प्रविधीकरण (डिजिटलाइजेसन)को सम्भावनालगायत विषय समेटी नेपालको आर्थिक विकासका लागि सुझावसमेत दिएको छ ।

नेपालको आर्थिक वृद्धि अपेक्षित रूपमा बढ्न नसक्नुमा राजनीतिक अस्थिरता, प्राकृतिक प्रकोप र बाह्य निर्भरता जस्ता कारण देखाइएको छ । सन् १९९६ देखि २०२३ सम्मको अवधिमा नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आय वार्षिक रूपमा औसत ७ दशमलव ३ प्रतिशतले मात्र वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, यस अवधिमा श्रम स्वीकृति लिने नयाँ आप्रवासी श्रमिकको संख्या ६६ लाख नाघेको, जुन कुल जनसंख्याको ७ प्रतिशतभन्दा बढी रहेको जनाइएको छ ।

यस अवधिमा निर्यात र औद्योगिक क्षेत्रले आर्थिक वृद्धिमा न्यून योगदान दिएको पनि प्रतिवेदनमा उल्लेख छ । 'नेपालमा निर्यातले आर्थिक वृद्धिमा उल्लेखनीय योगदान दिन सकेको छैन । अन्य विकासशील राष्ट्रहरूमा आर्थिक वृद्धिको प्रमुख स्रोत रहेको उत्पादन क्षेत्र नेपालमा निरन्तर घट्दो छ', प्रतिवेदनमा भनिएको छ, 'नेपालले वस्तु तथा सेवा निर्यातबाट आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्न अझै बाँकी छ । समग्र उत्पादकत्व अझै पनि न्यून छ, आर्थिक वृद्धिमा योगदान दिन सकेको छैन ।'

नेपालमा उत्पादित वस्तुको लागत उच्च रहेका कारण अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न नसकेको र यसले निर्यात घटाएको जनाइएको छ । लागत उत्पादन बढी हुनुमा यहाँको भौगोलिक बनावट र कमजोर भौतिक पूर्वाधारलाई कारक देखाइएको छ ।

यस्तै, कुल श्रम शक्तिको ८० प्रतिशतभन्दा बढी अनौपचारिक क्षेत्रमा संलग्न भएकामा यसलाई औपचारिक बनाउने र गैरकृषि क्षेत्रमा उत्पादकत्व वृद्धि गर्ने प्रयासहरू नेपालको आर्थिक वृद्धिका लागि महत्त्वपूर्ण कदम हुने प्रतिवेदनमा उल्लेख छ ।

नेपालको आर्थिक विकासका लागि आगामी वर्षहरूमा पनि आप्रवासन प्रमुख क्षेत्र बन्न जाने सम्भावना भएकाले यससम्बन्धी नीतिहरू सुधार गर्दै लैजानुपर्ने सुझाव विश्व बैंकको छ । वैदेशिक रोजगारीमा जानका लागि महँगो रकम बुझाउनुपर्ने अवस्थाले श्रमिक र उनीहरूको परिवारलाई आर्थिक समस्या सिर्जना गर्ने, आप्रवासी श्रमिकहरूले उच्च ब्याज दर तिर्नेगरी लिएको ऋणमा निर्भर रहनुपर्नेलगायत समस्या देखिएका छन् ।

यस्तै, विदेश गएका सदस्यहरूको अनुपस्थितिले परिवारका बाँकी सदस्यको सामाजिक एवं पारिवारिक जीवनमा असर पार्ने र विशेषगरी महिलाको श्रम बजार सहभागितामा गिरावट आउने प्रतिवेदनमा उल्लेख छ ।

यसरी नै, अधिकांश आप्रवासी श्रमिकहरू कठिन काममा खटिनुपर्ने, स्वास्थ्य सेवा वा सामाजिक सुरक्षाको पहुँच नपाउनेलगायत समस्या समाधानका लागि पहल गर्न पनि प्रतिवेदनमार्फत सुझाव दिइएको छ ।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा बोल्दै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले विद्यमान आवधिक योजनाले राखेको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न नेपाल सबै खालका नीतिगत र संरचनागत सुधार गर्न तयार रहेको धारणा राखे । 'सोह्रौं आवधिक योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिको दृष्टिकोण प्रस्तुत गरेको छ र यसले उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास, मर्यादित तथा फलदायी रोजगारी, सामाजिक सुरक्षा, तथा अल्पविकसित राष्ट्रबाट सहज स्तरोन्नति सुनिश्चित गर्ने पक्षलाई प्राथमिकतामा राखेको छ । नेपाल सरकार दिगो आर्थिक वृद्धिका लागि अनुकूल नीतिगत वातावरण सुनिश्चित गर्न प्रतिवद्ध छ', उनले भने ।

प्रतिवेदनबारे धारणा राख्दै विश्व बैंकका माल्दिभ्स, नेपाल र श्रीलंकाका अप्रेसन म्यानेजर प्रीति अरोराले पछिल्ला ३ दशकमा गरिबी निवारणमा नेपालले राम्रो प्रगति गरेको भए पनि स्वदेशभित्रका आर्थिक सम्भावनाको उपयोग गर्न नसकेको बताइन् । 'नेपालसँग आप्रवासनको प्रतिफल वृद्धि गर्ने, निर्यात बढाउने, जलविद्युत्को अधिकतम उपयोग गर्ने र प्रविधीकरणलाई प्रवर्द्धन गर्नेजस्ता सुधारमार्फत मजबुत आर्थिक वृद्धि हासिल गर्न सक्ने प्रशस्त सम्भावना छ', उनले भनिन् ।

## संख्या...

तथा सल्लाहकार विमल ढकालसहितको टोलीले सोमबार कानुनमन्त्री अजयकुमार चौरसिया, नेपाली कांग्रेसका सहमहामन्त्री तथा सांसद जीवन परियार, संसद् सचिवालयका सहसचिव दामोदर थापालगायतसँग विधेयकका बारेमा छलफल गरेको छ ।

संघको टोलीमा पूर्वअध्यक्ष तथा सल्लाहकार ढकालसहित संघका सचिव कर्णराज कटुवाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका निवर्तमान अध्यक्ष कुमुद खनाल, पूर्वअध्यक्ष प्रज्ञान न्यौपाने, चिरञ्जीवी खनाललगायतका व्यवसायी सहभागी थिए ।

संसद् सचिवालय सहसचिव थापाले ८० वटा कानुनका दफाहरू समेटिएको विधेयकमा वन ऐनसम्बन्धी दफामा दलहरूबीच सहमति जुट्नासाथ बुधबार संसद्मा टेबुल हुन सक्ने संभावना रहेको र चालू अधिवेशनले टुंगोमा पुऱ्याउने लक्ष्य रहेको संघको टोलीलाई जानकारी दिएका महासचिव भुर्तेलले मध्यान्ह दैनिकलाई बताए ।

संसद्को हिउँदे अधिवेशनको अवधि साँघुरिँदै गएको भए पनि पर्याप्त लबिङ भएकाले संख्या सय खारेज गर्ने विधेयक पारित हुने संघ नेतृत्वले पटकपटक आत्मविश्वास प्रकट गरेको छ ।

केही दिनअघि संघका अध्यक्ष राजेन्द्र भण्डारीले पनि व्यवसायीको मागअनुसार नै विधेयक पारित गराउन मुख्यमुख्य राजनीतिक दलका प्रमुख सचेतक, सम्बन्धित संसदीय समिति र वैदेशिक रोजगार क्षेत्रमा दखल राख्ने सबै सांसदहरूलाई पनि विषयवस्तु जानकारी गराएर वातावरणलाई सहजीकरण गरेको बताएका थिए ।

सरकारले संख्या सयको व्यवस्था अव्यावहारिक भन्दै खारेज गर्ने निर्णय गरेर ३० असार २०८० मा प्रतिनिधिसभामा विधेयक प्रस्तुत गरेकाले पारित नहुने कारण नरहेको उनको भनाइ थियो ।

विभिन्न ऐनका ८० वटा दफा संशोधन गराउने व्यवस्था गरिएको उक्त विधेयक पारित नहुँदा अन्य पक्षलाई फरक नपरे पनि वैदेशिक रोजगार व्यवसायीमा सबैभन्दा बढी समस्या हुने छ ।

यसअघिको मन्त्रिपरिषद्ले अन्तिम पटक भन्दै बाधा अड्काउ फुकाऊ आदेश जारी गराएर चालू आर्थिक वर्षका लागि सय जना कामदार नपठाएका म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण हुने व्यवस्था गरेको थियो ।

संघका महासचिव भुर्तेलले विधेयक पारित हुने अवस्था बनेकाले त्रासमा नरहन संघले आमव्यवसायीलाई जानकारी गराएको पनि बताए ।

## ३६ महिनामा...

स्थापना गरी काम गरे मात्र सडकको भौतिक प्रगति देखिने दाबी गरेका छन् ।

सामान्य जाली भर्ने र डोजर लगाएर खन्नेसम्मको कामसमेत नगरेकाले कार्यालय र निर्माण व्यवसायीको गम्भीर लापरबाही भएको राजनीतिक दलका नेताहरूको बुझाइ छ ।

सडक निर्माणको जिम्मा लिएको कम्पनीले अलपत्र अवस्था बनाउँदा त्यहाँका स्थानीयले ठूलो आक्रोश पोखेका छन् । अहिले त्यहाँका नागरिकले हरेक दिन दैनिक उपभोग्य सामग्री सदरमुकामदेखि आफैं बोकेर या भरिया र खच्चडमा ढुवानी गरेर खान बाध्य छन् ।

'पहिला सहज थ्यो, अहिले त झनै दुःख पाएका छौं, सडक कहिले निर्माण हुन्छ ?', स्थानीय राजकुमार रोकायले भेरी करिडोर र निर्माण व्यवसायीसँग आक्रोश पोखे ।

सूर्य-श्रेया शान्तिदेवी जे. भी.का प्रतिनिधि भीमबहादुर बोहोराले भने आफूहरूले काम गरिरहेका तर पछिल्लो समय विभिन्न कारण काम नभएर केही कमजोरी भएको स्वीकार गरे । बोहोराले भने, 'यो सडक खण्डमा कडा चट्टान भएकाले पनि कामको भौतिक प्रगति नदेखिएको हो । निर्माणको क्रममा आवश्यक विस्फोटक पदार्थ खरिदका लागि समस्या भएसँगै सडक निर्माणमा ढिलाइ भएको हो ।'

ठूलाठूला चट्टान भएकाले डोजरले काम गर्ने अवस्था नहुँदा सबैले विस्फोटक पदार्थका लागि पहल गरे काम समयमै सम्पन्न हुने बोहोराले बताए ।

यता, भेरी करिडोरले भने निर्माण व्यवसायीले सामान्य डोजरले खन्न सक्ने ठाउँ र चट्टानमा ब्रेकरको प्रयोग नगरेकाले काममा समस्या आएको जनाएको छ ।

जिल्लाको सर्वदलीय सर्वपक्षीय अनुगमनले दुनै-ल्यासीक्याप सडक अलपत्र रहेको र निर्माण व्यावसायी र भेरी करिडोरले लापरबाही गरी निर्माण कार्यको भौतिक प्रगति न्यून भएको निष्कर्ष निकालेको अनुगमन टोलीका संयोजक जिल्ला समन्वय समिति प्रमुख श्यामबहादुर रोकायाले जानकारी दिए ।

अब बाँकी ९ महिनामा काम हुने कुरामा विश्वस्त नरहेको र सम्बन्धित निकायमा कानुनी कारबाहीका लागि जिल्लाको सर्वदलीय सर्वपक्षीय अनुगमन टोलीले निर्णयसमेत गरेकाले सोहीअनुसार जिल्लाले खबरदारी गरेको समन्वय प्रमुख रोकायाले बताए ।

यो सडक खण्डले समयमै गति लिने हो भने माथिल्लो डोल्पाका छार्काताङ्सोङ गाउँपालिका, डोल्पोबुद्ध गाउँपालिका र शे-फोक्सुण्डो गाउँपालिकाका अधिकांश भूभाग सहजै सडक संजालसँग जोडिने देखिन्छ । निर्माण कम्पनीले यसरी निर्माण कार्य अलपत्र पार्दा माथिल्लो डोल्पाका नागरिकले दैनिक सास्ती खेप्दै आइरहेका छन् ।

# ‘रगतसँग साटेको गणतन्त्रको विकल्प छैन’

**काठमाडौं/मस-** राष्ट्रपति रामचन्द्र पौडेलले संघीय लोकतान्त्रिक गणतन्त्र नेपाली जनताले रगतसँग साटेको उपलब्धि भएको बताएका छन्। राष्ट्रपति पौडेलले गणतन्त्रको विकल्प सोच्न नसकिने स्पष्ट पारे।

सोलुखुम्बुको नेचासल्यान गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवनको आज उद्घाटन गर्दै राष्ट्रपति पौडेलले वर्तमान व्यवस्थामा हरेक नागरिक मालिक हुन पाएको र यसको सदृढीकरणमा सबैले जोड दिनुपर्ने बताए।



शासनमा बसेर खराब गर्नेलाई दण्डित गर्ने अधिकार नागरिकलाई यही व्यवस्थाले दिएको पनि राष्ट्रपतिले बताए।

शासन व्यवस्थालाई सुदृढ बनाउन र यही व्यवस्थाबाट नेपाली जनताको भाग्य र भविष्य सुनिश्चित छ भन्ने महसुस गराउनुपर्ने दायित्व सरकार, राजनीतिक दललगायत सबैको भएको उनले उल्लेख गरे।

स्वतन्त्रता र शासन प्रणाली समयको माग र जनताको चाहना भएको भन्दै राष्ट्रपतिले नेपाली जनतालाई आफूले बनाएको संविधानबाहिरका कुनै पनि निरंकुशता र अराजकता स्वीकार्य नहुने पनि स्पष्ट पारे।

संघीय लोकतान्त्रिक गणतन्त्र हजारौंको त्याग, संघर्ष र बलिदानबाट प्राप्त उपलब्धि भएको उल्लेख राष्ट्रपतिले गरे।

राष्ट्रपति पौडेलले देशको युवा जनशक्ति विदेश पलायन हुने प्रवृत्ति रोक्न पनि आग्रह गरे। उचित शिक्षा, स्वास्थ्यको प्रबन्ध, उद्योगधन्दाको विकास, उत्पादनमा वृद्धि, चुस्तदुरुस्त सेवा प्रवाह, गाउँमै रोजगारी र आम्दानीको व्यवस्थाको लागि जनता केन्द्रित नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्नुपर्ने उनको सुझाव छ। उनले विगतमा भएका कमजोरीबाट पाठ सिकेर अघि बढ्दै समृद्ध राष्ट्र निर्माणको अभियानमा जुट्न सम्बद्ध सबैलाई आग्रह गरे।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
## सामाजिक विकास कार्यालय, ललितपुर
### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
**प्रकाशित मिति: २०८१/१२/१२**

यस कार्यालयबाट मिति २०८१/११/०४ मा प्रकाशित भई मिति २०८१/१२/०५ मा खोलिएको बोलपत्रहरुको तपसिलमा उल्लेखित बोलपत्रदाताहरु न्यूनतम मूल्याङ्कित र सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारिका लागि यो सूचना प्रकाशित गरिएको छ।

| SN | Description of Work and Contract No. | Bidders Name and Address | Bidding Amount (With VAT & PS) |
|---|---|---|---|
| 1 | Construction of KiCiPiDi Badminton Covered Hall, Chandragiri-5 Kathmandu SDOLALITPUR/NCB/08/2081-82 | Abhidi Constructions, Nekosera-9, Madhyapur Thimi | 58,03,218.80 |
| 2 | Construction of Srijana College of Fine Art “Block B” Building, Nagarjuna-5, Kathmandu SDOLALITPUR/NCB/09/2081-82 | Aalok Builders And Suppliers, Bhaktapur | 46,91,649.17 |
| 3 | Physical improvement & fiber desk bench Construction of Shram Rastriya Secondary School, Kathmandu-7 SDOLALITPUR/NCB/10/2081-82 | Shantideep Nirman Sewa Pvt. Ltd., KMC-32, Koteshwor | 24,08,071.25 |
| 4 | Building Construction of Mangal Bahumukhi Campus, Kirtipur-10, Kathmandu SDOLALITPUR/NCB/11/2081-82 | Swadeshi Builders And Suppliers Pvt. Ltd., Baneshwor, Ktm | 31,41,055.10 |
| 5 | Upgradation of Ganeshman Futsal, Chandragiri-7, Kathmandu SDOLALITPUR/NCB/12/2081-82 | Shantideep Nirman Sewa Pvt. Ltd., KMC-32, Koteshwor | 24,03,485.62 |

# खोटाङमा महोत्सव हुने



**खोटाङ/मस-** खोटाङको दिक्तेल बजारमा ‘दोस्रो बृहत् खोटाङ हलेसी खेलकुद, साहित्यिक तथा पर्यटन महोत्सव-२०८२’ सञ्चालन हुने भएको छ।

नेपाल खेलकुद प्रतिष्ठान खोटाङ र नेपाल सितोरियो कराते सङ्घ खोटाङको संयुक्त आयोजनामा १५ देखि २० वैशाखसम्म दिक्तेल बजारमा खेलकुद, साहित्यिक तथा पर्यटन महोत्सव सञ्चालन हुने भएको हो।

महोत्सवमा ६३ वटा पदकका लागि एथलेटिक्ससहित खुला ब्याडमिन्टन, खुला पुरूष बुद्धिचाल र साहित्यिक प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ।

खेलकुदको माध्यमबाट खोटाङलाई राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय क्षेत्रमा परिचित गराउन, पर्यटकीय जिल्लाको रूपमा अघि बढाउन, खेलकुदलाई जिल्लाको गौरवको आयोजना बनाउन, सन् २०५० भित्र ओलम्पिक पदक जित्ने खेलाडी जिल्लामै उत्पादन गर्नेलगायतका उद्देश्यसहित महोत्सवको आयोजना गरिएको नेपाल खेलकुद प्रतिष्ठानका अध्यक्ष सञ्जयकुमार राईले जानकारी दिए। महोत्सवका लागि रू ३९ लाख ५५ हजार ८७ बजेट लाग्ने अनुमान गरिएको नेपाल सितोरियो कराते सङ्घ खोटाङका अध्यक्ष सुमन राईले जानकारी दिए। जिल्लाका १० वटै स्थानीय तह र शुभेच्छुकको आर्थिक सहयोगमा महोत्सव गर्ने तयारी गरिएको आयोजकले जनाएको छ।

**घर बिक्रिमा**
जलविनायक, चोभार स्थित ५.५ आनामा बनेको ३५० र ५.७५ आनामा बनेको ३६५ साढे २ तल्ले घर बिक्रीमा
सिधा सम्पर्क
९८४१५५०६२८

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०७२/०९/२० मा दर्ता भएको **प्रा.लि. नं. १४३३४२** को **लक्ष्य सव-रेमिट प्रा.लि.** को मिति २०८१/११/२५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर: लिलानाथ कंडेल**
**ठेगाना: अनामनगर, काठमाडौं, फोन: ९७०८०७३२००**

**माइग्रेसन हराएको सूचना**

मिति २०८१/०६/१६ गते सामाखुसीदेखि महाराजगञ्जसम्म जाँदा मेरो निम्न व्यहोरा भएको १०+२ तहको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले निम्न मोवाइल नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु।

**नाम : धिरेन्द्र प्रसाद पन्त**
**रजिष्ट्रेसन नं. : ६५७५०२०७३**
**सिम्बोल नं.: २७५०२०७८**
**मोवाइल नं. ९८४८७६५८५८**

**श्री डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीको सरकारद्वारा व्यवस्थित बनको काठ/दाउरा संकलन सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मिति २०८१/१२/१२**

डिभिजन वन कार्यालय पहलमानपुर कैलाली, अन्तर्गतको सब डिभिजन वन कार्यालय सुखडको कार्यक्षेत्रमा पर्ने घोडाघोडी न.पा.- ०९, स्थित खैरेनी सरकारद्वारा व्यवस्थित बन क्षेत्रमा रहेका सुखडखडा र ढलापडा रुखहरु तथा पिपलिगडा सरकारद्वारा व्यवस्थित वन क्षेत्रमा रहेका सुखडखडा र ढलापडा रुखहरु संकलन (कटान, मुछान, ढुवानी) तथा घाटगद्दी समेत गराउनका लागि स्वीकृत जिल्ला दर रेट (कैलाली) अनुसारको काठ/दाउरा संकलन तथा घाटगद्दी कार्यको लागत ईस्टिमेट बमोजिम गोलिया काठ संकलन प्रति क्यू फि. रु १५१ र दाउरा संकलन प्रति चट्टा १६,१३१। मा घटाघट प्रकृयाबाट ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले आन्तरिक राजश्व कार्यालयमा दर्ता भई स्थायी लेखा नं. (PAN) वा मु.अ.कर दर्ता नम्बर, आ.व. २०८०/२०८१ को कर चुक्ता प्रमाणपत्र भएका काठ सम्बन्धी व्यवसाय गर्न ईजाजत प्राप्त फर्म, कम्पनि वा व्यक्तिले पहिलो पटक सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्रौ) दिनको कार्यालय समयभित्र डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीबाट वोलपत्र खरिद गरि सिलबन्दी बोलपत्र १६ (सोह) औ दिन दिनको १:०० बजेभित्र यस कार्यालयमा दाखिला गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ बाउरा संकलन तथा घाटगद्दी सम्बन्धी विस्तृत सूचना यस कार्यालयमा तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिने व्यहोरा जानकारी गरिन्छ।

**काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**सूचना प्रकाशन मिति : २०८१/१२/०६ गते**

श्री बाघखोर सामुदायिक वन उपभोक्ता समूह, चौ न.पा.-०८, उदयपुरको सामुदायिक वनबाट उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको साल जातको गोलिया काठ लट नं. १ को ए ग्रेड ०७ थानको ९७.२९ क्यूफिट, बी ग्रेड ३४ थानको ३६०.९१ क्यूफिट, सी ग्रेड २० थानको १३९.२९ क्यूफिट गरि कूल ६१ थानको ५९७.४९ क्यूफिट, लट नं. २ को ए ग्रेड ०२ थानको ३३.४२ क्यूफिट, बी ग्रेड ११ थानको १२१.८६ क्यूफिट, सी ग्रेड ०९ थानको ४४.२८ क्यूफिट गरि कूल २२ थानको १९९.५६ क्यूफिट, काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक सुचिकृत व्यवसाय, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीका लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री बाघखोर सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, चौ न.पा.-०८, उदयपुर, डिभिजन वन कार्यालय, उदयपुरको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री बाघखोर सामुदायिक वन उपभोक्ता समूह**
**चौ न.पा.-०८, उदयपुर**

**Notice For Maximum Retail Price (MRP)**

This Is To Notify In General Public That Following Is The Maximum Retail Price (MRP) Of The Air Conditioners Imported By TECHNO TRADE PVT. LTD.

| S. N. | Product | Brand | Model | Capacity | Country of Origin | Unit | Per Unit Price | (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| 1. | SPLIT AC | VOLTAS | 12VH Vectra Emrald | 1.0 TR INV. | India | Pcs | 77,971.00 | 77,971.00 |
| 2. | SPLIT AC | VOLTAS | 24VH Vectra Platina | 2.0 TR INV. | India | Pcs | 119,971.00 | 119,971.00 |

**Seller's Name: Techno Trade Pvt.Ltd.** **PAN No: 303760023**
**Address: Kathmandu, Nepal** **Phone No: +977-1-4525299**

# Gauradaha Municipality
# Office of the Municipal Executive
## Gauradaha, Jhapa
## Koshi Province, Nepal
## Invitation for Electronic Bids

**First Date of publication: 25th March 2025 (12th Chaitra 2081)**

1. The **Gauradaha Municipality** invites electronic bids for all the Nepalese eligible bidders for the following construction works under NCB Bidding procedures:-

| Contract No. | Description of Works | Minimum bid security amount | Estimated Amount (with VAT and PS.) | Bid documents fee | Bid submission / open Date/ Rajaswa Detail/Pre bid | Procurement type/ method/bid validity |
|---|---|---|---|---|---|---|
| GMO/W/NCB/ RG/11/081-082 | Construction of newar tol west-south road upgradation works ward no 04,jorghare inner road section upgradation works ward no 04 and singarage (nearby home)damuna khola scouring prevention measures ward no 06 | Nrs. 85,000 | Nrs. 31,38,460.52 | Nrs.3,000 | 12:00 hrs of 24th April 2025 (11 th Baisakh 2082); 14:00 hrs of 24th April 2025 (11th Baisakh 2082) Rajaswa (revenue) Shirshak no. :14249 Gauradaha Municipality Office(Antarik Rajaswa Khata) Office Account no. 0872050028408002 Office code no:-80112403300 Pre Bid:- 14:00 hrs on 13th April 2025 (31st Chaitra 2081) | Works/NCB /Bid validity period 90 days/ Bid bond should be valid 30 days beyond bid validity. Incase of cash deposit Security deposit account no : 87CA750361152401, Dharauti Shirshak no. : Gauradaha municipality office (Dharauti khata) |
| GMO/W/NCB/ BW/6/081-082 | Construction of ward office compound wall and earth filling works,ward no 09, jhapa | Nrs. 1,10,000 | Nrs. 40,81,225.05 | Nrs.3,000 | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gauradaha Municipality, Technical Section, Jhapa, Telephone No: 023-597006/9842147978 within office hours. The bidders may visit the E-Procurement Section of PPMO’s Web Site http://www.bolpatra.gov.np/epg.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER**

**अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस **Deepshree Construction and Suppliers Pvt. Ltd.** ले **China** बाट पैठारी गरिएको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य **(MRP)** निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| SR NO. | Descripition | Size | Brand | Model | Capacity | Origin | Unit | Per Unit Prices | MRP |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Oven | 90 ltr | Ultra | Oven (JY-EB90-11004) | N/A | China | pcs | 60550 | 60550 |
| 2 | Oven | 60 ltr | Ultra | Oven (JY-OE60K(E)) | N/A | China | pcs | 32850 | 32850 |
| 3 | Microwave Oven | 25 ltr | Bexel | Microwave Oven (JY-EM25E21) | N/A | China | pcs | 25000 | 25000 |

**अधिकृत बिक्रेता : Deepshree construction and suppliers pvt. ltd** **पान न. 610116449**
**ठेगाना नं.: Teku road Kathmandu** **फोन नं. ०१५३१५३६५**

**साउदीमा रोजगार**
कम्पनी : AL NAFJAN CONTRACTING COMPANY कम्पनी : DAMMAM
पूर्व स्वीकृत मिति: २०८१/०९/११ चलानी नं.: ६०२३०२५३ LT. No.: 315964 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६५,८६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ चैत १९ गते (1 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ०५५/०५३/००५४
पि.ओ.बक्स: ११११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फोन: ०१-४५६६७३३, ०१-४५८५७३०
Fax No: 01-4566955, Email: cv.annapurna@gmail.com, Url: www.aisp.com.np, Mobile: 9801314441 | 9801314442 | 9801314443 | 9801314445.

**कुवेतमा रोजगार**
कम्पनी : SOSO I M LADIES BEAUTY SALON शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०८/२९ चलानी नं.: ६०२११५६७ L.T. No.: 296528 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 1 | सम्बन्धित काममा दक्ष | 100 | ४४,५२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Nail Art/Hairdresser/Manicurist Pedicurist/Salon W | 0 | 7 | | 140 | ६२,३४० | | | | | | | |
| 3. | Receptionist | 0 | 1 | | 140 | ६२,३४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १९ गते (1 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**RHYTHM OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 865/066/067
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825, 9804766695
9766461836 | 9801444116 | 9861734468 Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

**कुबेतमा रोजगार**
कम्पनी: AL KHARAFI BROTHERS FOR DAIRY PRODUCTS AND FOODSTUFF CO शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/१२/११ चलानी नं.: ६०२३५०७४ L.T. No.: 320986

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | सम्बन्धित काममा दक्ष | 95 | ४२,३०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Merchandising Helper (indoor) | 20 | 0 | | 89 | ३९,६३१ | | | | | | | |
| 3. | Sales Helper | 30 | 0 | | 101 | ४४,९७४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १९ गते (1 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.**
महाराजगंज, चुनदेवी, गैरीमार्ग, काठमाडौं (ब्राजिलियन राजदूताबासको पछाडी)
पो.ब.नं. १९३४६, फ्याक्स नं.: ४७२१८८८, फोन नं. ०१-४७२१६३३, काठमाण्डौं ९८०४८९८१७७, ९८२८७१०४४२ जनकपुर: ९८४१४०१४५०, ९८२८७१०४४२
application@blueskyint.com.np मा सिधै Apply पनि गर्नसक्नु हुनेछ।

मध्यान्ह
www.madhyanhadaily.com
१२ चैत २०८१ मंगलबार
25 March 2025, Tuesday

## सम्पादकीय

# शान्ति प्रक्रियाका सवाल

देशमा १० वर्षसम्म चलेको हिंसात्मक द्वन्द्वको घाउ द्वन्द्व सकिएको १८ वर्षसम्म पनि पुरिन सकेन । दोस्रो जनआन्दोलनपछि शान्तिपूर्ण राजनीतिमा आएको द्वन्द्वरत नेकपा माओवादी र तत्कालीन संसद्वादी राजनीतिक दलहरूले शान्ति सम्झौता गरी शान्ति प्रक्रियालाई चाँडै निष्कर्षमा पुर्‍याउने प्रतिबद्धता जनाए पनि त्यसका लागि आवश्यक कार्यहरू सम्पन्न हुन सकेका छैनन् । मूल कुरा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठनमै विलम्ब जारी छ । त्यसमा समेत राजनीति हाबी हुँदा सर्च कमिटीको म्याद समाप्त भई पुनः अर्को सर्च कमिटी गठन गर्नुपर्ने अवस्था आएको छ ।

लामो समयको द्वन्द्वबाट धेरै मानिस पीडित छन् । विद्रोही र सरकार पक्षबाट द्वन्द्वका क्रममा हजारौं मानिस मारिएका र बेपत्ता पारिएका छन् । हजारौंकै संख्यामा अंगभंग भएका छन् । तिनको पहिचान, राहत र खोजी कार्य प्रभावकारी रूपमा हुन सकेको छैन । पटकपटक राजधानीका माइतीघरलगायतका सार्वजनिक स्थमा बसेर धर्ना, विरोध र अनशन गर्नुपरेको अवस्था छ तर आडैमा रहेको देशकै प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार र नीति निर्माणको थलो अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र यसमा बेखबर बनिरहन्छन् ।

यता, सरकार आफ्नो कर्तव्य र जिम्मेवारीप्रति इमान्दार बन्न सक्दैन भने तत्कालीन विद्रोही हाल नेकपा (माओवादी केन्द्र) पटकपटक सत्ता नेतृत्वमा वा सत्ता साझेदारका रूपमा रहँदासमेत आफैंले सुरु गरेर निम्तिएको सशस्त्र द्वन्द्वको घाउमा मह्लम लगाउन अघि सर्दैन । शान्ति प्रक्रियाको निष्कर्षका सवालमा समेत दलहरूबीच हानथाप र राजनीति चलिरहनु दुखद् अवस्था हो । अहिले अन्तर्राष्ट्रिय जगत्‌बाटसमेत नेपालको शान्ति प्रक्रियाका विषयमा वा टीआरसीका विषयमा चासो बढेको संकेत पाएपछि मात्र प्रमुख ३ दलहरू अपर्झट बैठक बसी पुनः पूर्ववत् ओमप्रकाश मिश्रकै नेतृत्वमा सर्च कमिटी गठन गर्ने निर्णय भएको छ । पहिलेझैं कमिटीलाई काम गर्न नदिने वातावरण नबनोस्, शान्ति प्रक्रियाका बाँकी काम चाँडै पूरा गर्ने सवालमा सबै राजनीतिक दलहरू र सरोकारवालाहरू संवेदनशील भई जुटून् ।

# नेपालको राजनीतिप्रति चिनियाँ दृष्टिकोण

*चिनियाँ सरकारले सधैं "आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने" सिद्धान्तलाई अनुसरण गर्छ । प्रत्येक देशको आन्तरिक स्वतन्त्रतालाई सम्मान गर्छ...*

**अग्रलेख**



● सञ्जु दाहाल

*नेपालको भौगोलिक अवस्थिति चीनका लागि अत्यन्त महत्वपूर्ण छ । भारत र अमेरिकाको गतिविधि नेपालबाट पनि अनुगमन हुने गरेको छ । नेपालको राजनीतिक अस्थिरताले क्षेत्रीय सुरक्षामा प्रत्यक्ष असर पार्छ, जसलाई केलाउँदै चीन नेपालमा सामाजिक स्थिरता रहोस् भन्ने चाहन्छ...*

चीनको सांस्कृतिक क्रान्तिको सफलतापछि चीनले सम्पूर्ण सामन्तवादी अवशेषलाई अन्त्य गरी गणतान्त्रिक समाजवादी प्रणाली स्थापना गर्‍यो । यसै प्रणालीमार्फत चीन आज विश्वको एक समुन्नत राष्ट्र हुन सफल भएको छ ।

चीनले पनि ऐतिहासिक रूपमा धेरै प्रकारका राजतन्त्रात्मक प्रणालीको लामो अनुभव सँगालेको छ । नेपालमा राजसंस्थासहितको व्यवस्था ठीक कि गणतन्त्र ठीक भन्ने विषयमा बहस हुँदा चीनको अनुभव महत्त्वपूर्ण हुन सक्छ । व्यवस्था आफैंमा कुनै ठीक या बेठीक भन्ने हुँदैन । मुख्यगरी नेतृत्वको विषय महत्त्वपूर्ण हुन जान्छ । 'राइट म्यान इन राइट प्लेस'को अवधारणालाई व्यवस्थासँग जोडेर हेरिनुपर्छ । तर, नेपालमा विधिको शासन स्थापना हुन सकेको छैन ।

नीतिगत भ्रष्टाचार तीव्र रूपमा बढेको छ, जसले जनतामा ठूलो वितृष्णा पैदा गराएको छ । नेपालमा देश र जनताभन्दा सत्ता ठूलो मान्ने राजनीतिक परिपाटी पनि जबरजस्त देखिन्छ ।

नेपालको राजतन्त्रप्रति चीनले ऐतिहासिक, सामाजिक र सांस्कृतिक दृष्टिकोणले अध्ययन गर्दै विचारधारात्मक मत भिन्नता राख्छ । नेपालमा जस्तै चीनले पनि धेरै राजवंशहरूको इतिहास अनुभव गरेको छ । धेरै प्रकृतिका पाठ पनि सिकेको छ । ती सबै राम्रा पाठहरू सँगालेर, विशाल चीनको सबै क्षेत्रको भूगोल, इतिहास, दर्शन, संस्कृति र सभ्यता अध्ययन गरेर चीनको माटो सुहाउँदो चिनियाँ मोडेलको गणतान्त्रिक समाजवाद स्थापना गरेको हो ।

चीनका जनता आफ्नो व्यवस्थामाथि ठूलो विश्वास राख्छन् । इतिहासको राजतन्त्रप्रति उनीहरूको विश्वास छैन । चीनको भन्दा नेपालका भूगोल, संस्कृति, धर्म, इतिहास, दर्शन इत्यादि सबै फरक छन् । ऐतिहासिक धरातल नै फरक छ । त्यसैले, नेपालमा संवैधानिक राजतन्त्र कि गणतन्त्र कुन राम्रो हो भन्ने विषय नितान्त नेपालको आन्तरिक मामिला हो । चीनमा दुवै पद्धतिका बारेमा चर्चा परिचर्चा हुने गरे पनि चीन यो मामिलामा पूर्णतः तटस्थ रहन्छ, रहँदै आएको छ ।

चिनियाँ सरकारले सधैं 'आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने' सिद्धान्तलाई अनुसरण गर्छ । प्रत्येक देशको आन्तरिक स्वतन्त्रतालाई सम्मान गर्छ । यद्यपि, नेपालले राजतन्त्र पुनर्स्थापना गर्ने कि नगर्ने भन्ने विषयमा चिनियाँ अधिकारीहरूले सतर्कता अपनाएका छन् ।

